फोन नं ०६९५२११८८
email :- benihospital.adm@gmail.com

गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

प्रदेश अस्पताल

बेनी, म्याग्दी,नेपाल

अस्पतालका लागि सरसफाईकर्मी सप्लाई सम्वन्धी कार्यका लागि प्रस्तावपत्र आब्हान सम्बन्धी सूचना

दोस्रो पटक सुचना प्रकाशित मिति २०८३/०७/१० गते ।

यस प्रदेश अस्पताल, बेनी, म्याग्दीमा आ.व. २०८३/८४ का लागि सरसफाई सेवा कार्यका लागि संस्थागत रुपमा सरसफाईकर्मी सेवा करारमा लिनुपर्ने भएकाले नेपाल सरकार श्रम तथा व्यवसायजन्य सुरक्षा विभागबाट सम्बन्धीत कार्यका लागि इजाजत प्राप्त योग्य तथा इच्छुक, स्थायी लेखा नम्बर (PAN) र मुल्य अभिवृद्वी कर (VAT) दर्ता भएका कालो सुचीमा नपरेका फर्म, संस्था वा कम्पनीहरुले सुचीकृत भई उल्लेखित कार्यका लागि रितपुर्वकको प्रस्तावपत्र आब्हानको लागि यो सुचना प्रकाशन गरिएको छ ।

१.प्रस्ताव पेश गर्न सम्बन्धीत फर्म, संस्था वा कम्पनीले यस अस्पतालमा सुचीकृत भई नेपाल सरकारबाट उल्लेखित कार्यका लागि ईजाजत प्राप्त अनुमती पत्रको प्रतिलिपि, वा स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्वी कर (VAT) दर्ता तथा नविकरण भएको पत्रको प्रतिलिपि, आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ ।

२.प्रस्ताव पेश गर्दा प्रस्ताव सम्बन्धी कागजातमा उल्लेखित सेवाको कार्य क्षेत्रगत सर्त र कार्यविबरण प्रस्ताव साथ पेश गर्नुपर्ने न्युनतम कागजातहरु तथा सेवा शुल्क भुक्तानीका तरिका अध्ययन गरि पेश गर्नु पर्नेछ ।

३.कुनै प्रस्तावपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षित रहनेछ ।

४.प्रस्तावपत्र दाताले कवोल गरेको प्रत्येक दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ । केरमेट भएको ठाँऊमा सहिछाप भएको हुनुपर्नेछ । अस्पतालले निर्धारण गरेको न्युनतम सेवा सुविधा तथा Overhead रकममा घटीघटाउ गरी यस दररेट पेश गर्नु पर्नेछ ।

५.आयकर लगायत स्थानिय कर र नेपाल सरकारलाई तिर्नु/बुझाउनुपर्ने सवै कर (मु.अ.क. बाहेक) सम्वन्धित प्रस्तावपत्र दाता स्वयमले व्यहोर्नु पर्नेछ ।

६.प्रस्तावपत्रदाताले खरिद कार्यमा भाग लिन प्रचलित कानुन अनुसार अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नवाझिएको वा व्यवसाय सम्वन्धि कसुरमा आफुले सजाय नपाएको व्यहोरा सार्वजनिक खरिद ऐन

डा. हेमन्त बाँस्तोला
प्रमुख मेडिकल सुपरिटेण्डेन्ट

२०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम घोषणा प्रस्ताव सहित पेश गर्नुपर्नेछ । त्यस्तो स्वयम घोषण सूचना प्रकाशित भएको मिति पछिको हुनु पर्नेछ ।

७. सुचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र यस बाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन (संशोधन सहित) २०६३ तथा सार्वजनिक खरिद नियमावली (संशोधन सहित) २०६४ अनुसार तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

८. सरसफाईका लागि आवश्यक सामग्रीहरु कार्यालयद्वारा नै उपलब्ध गराईनेछ ।

९. प्रस्ताव सम्बन्धी अन्य सेवा र सर्तहरु प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ । यस सम्बन्धी अन्य जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न वा प्रस्ताव सम्बन्धी सूचना यस अस्पतालको website: www.phmyagdi.gandaki.gov.np मा समेत हेर्न सकिनेछ ।

१०. थप जानकारीको लागि यस अस्पतालको प्रशासन शाखामा सम्पर्क राख्न सक्नुहुनेछ ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश अस्पताल
बेनी, म्याग्दी, नेपाल

.....

डा.हेमन्त बाँस्तोला
नि. प्रमुख मेडिकल सुपरिटेन्डेण्ट
प्रदेश अस्पताल, बेनी, म्याग्दी

डा. हेमन्त बाँस्तोला
नि. प्रमुख मेडिकल सुपरिटेण्डेन्ट